# मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्र




## र अन्य स्रोतसामग्री

### मानवअधिकार रक्षकहरूका लागि हातेपुस्तिका


WOREC
FORUM-ASIA

एसियामा मानवअधिकार रक्षकविरूद्ध जारी अधिकार उल्लङ्घनका प्रवृत्तिलाई सम्बोधन गर्नुपर्ने आवश्यकता र हरेक मानिसको मानवअधिकारको संरक्षण र परिपूर्तिको सुनिश्चितता का लागि उनीहरूको महत्वपूर्ण भूमिकालाई फोरम एसिया मनन गर्दछ ।

यसका लागि फोरम एसियाले, सामान्यतः मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्र भनिने गरेको विश्वव्यापी रूपमा मान्यताप्राप्त मानवअधिकार र मौलिक स्वतन्त्रताको प्रवर्द्धन तथा संरक्षण गर्न व्यक्ति, समूह तथा समाजका अंगहरूको अधिकार तथा उत्तरदायित्वसम्बन्धी घोषणापत्रको वर्णनकारी हातेपुस्तिका तयार गरेको छ ।

यो हातेपुस्तिका मानवअधिकार रक्षकहरूको भूमिका र अधिकारका साथसाथै उनीहरूप्रति अन्यको उत्तरदायित्व, र तिनको सुरक्षा बढाउनका लागि व्यावहारिक सूचना उपलब्ध गराउने कुरालाई जोड दिनमा लक्षित छ ।

अनलाइनमा पढ्नको लागि स्क्यान गर्नुहोस् ।

# विषय सूची


घोषणापत्रका बारेमा ........ १

घोषणापत्रको समयरेखा ........ २

को हुन् मानवअधिकार रक्षक? ........ ३

को हुन सक्छन् मानवअधिकार रक्षक? ........ ४

मानवअधिकार रक्षकलाई किन मद्दत गर्ने ........ ४

मानवअधिकार रक्षकका अधिकारहरू ........ ५

राज्यका दायित्वहरू ........ ७

गैरराज्य पक्षहरू ........ ९

२०२३: एसियामा घोषणापत्र एक झलक ........ १०

मानवअधिकार रक्षकका लागि मद्दत संयन्त्र ........ १४

जोखिमग्रस्त मानवअधिकार रक्षकका लागि
अतिरिक्त संरक्षण संयन्त्र ........ २१

मानवअधिकार रक्षकको सुरक्षाका लागि
स्रोत र साधनहरू ........ २३

उपयोगी लिङ्क र सुझावहरू ........ २५

# घोषणापत्रका बारेमा

शान्तिपूर्ण माध्यमबाट मानवअधिकारको बचाउ प्रतिरक्षा गरिरहेका मानवअधिकार रक्षकहरूलाई मद्दत र संरक्षण उपलब्ध गराउनु यो घोषणापत्रको प्रयोजन हो ।

यो घोषणापत्रले राज्यको नयाँ दायित्व सिर्जना गर्दैन बरू प्रत्येक धाराहरू राज्यले पालना गर्न दायित्व भएका मानवअधिकारका दस्तावेजहरूबाटै आएका छन् ।

यो घोषणापत्रले मानवअधिकार रक्षकका अधिकार र तिनका कामसम्बन्धी विद्यमान अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डको अवलम्बन गर्दछ र मानवअधिकार रक्षकको अधिकारको बचावट गर्नमा राज्य तथा गैरराज्य पक्षका उत्तरदायित्वमा प्रकाश पार्दछ ।

मानवअधिकार रक्षकलाई मान्यता दिने र मद्दत गर्ने राज्यको सबल प्रतिबद्धता प्रतिविम्बित गर्दै यो घोषणापत्र संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूले जारी गरेका थिए ।

# घोषणापत्रको समयरेखा

**१९४८**

मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी

**१९६६**

१९६६ नागरिक तथा राजनीतिक अधिकार, र आर्थिक सांस्कृतिक तथा संस्कृतिक अधिकारसम्बन्धी दुई अन्तर्राष्ट्रिय अनुबन्ध जारी*

**१९८०**

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार आयोगद्वारा मानवअधिकारको प्रतिरक्षा बचाउ गर्ने पक्षहरूको सम्मान गर्न र यी पक्षहरूविरूद्ध गरिएका सबै दुर्व्यवहार र ज्यादतीको निन्दा गर्न सबै राज्यहरूलाई आह्वान

**१९८५**

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार आयोगद्वारा मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्र मस्यौदा गर्न कार्यसमूहको स्थापना

**१९९८**

१३ वर्षपछि मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको पचासौँ वार्षिकोत्सवका अवसरमा डिसेम्बर ९ मा यस घोषणापत्रको सर्वसम्मत अवलम्बन

**२०२३**

घोषणापत्र अवलम्बन भएको २५ वर्षपछि पनि मानवअधिकार रक्षकविरूद्धका ज्यादती व्यापक बढे । घोषणापत्रको कार्यान्वयनको आवश्यकता पहिलेको भन्दा अझ बढी महत्त्वपूर्ण छ ।

* मानवअधिकारको विश्वव्यापी घोषणापत्र, दुइटा अनुबन्ध (र तिनका उपलेखहरू)लाई संयुक्त रूपमा अन्तर्राष्ट्रिय मानवअधिकारहरूका मापदण्डहरूको सन्दर्भमा मानवअधिकारको अन्तर्राष्ट्रिय महाधिकारपत्र (बिल अफ ह्युमन राइट्स) भनेर बुझिने गरिएको छ ।

# को हुन् मानवअधिकार रक्षक?



मानवअधिकार रक्षक ती व्यक्ति वा समूह हुन् जो शान्तिपूर्ण तरिकाले आफ्ना र अरूका अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने काम गर्छन् ।



मानवअधिकार रक्षकले मानवअधिकारका कुनै पनि सवाल वा मुद्दालाई विभिन्न तरिकाले सम्बोधन गर्न सक्छन् । यसमा अधिकार उल्लङ्घनबारे उजूरी गर्ने, परिस्थितिको अनुगमन गर्ने, पीडित तथा प्रभावितलाई सहयोग उपलब्ध गराउने, अल्पसङ्ख्यक समूहको अधिकारका लागि वकालत गर्ने, वा मानवअधिकारहरूको संरक्षण र संवर्द्धनमा लक्षित अन्य कुनै पनि स्वरूपका क्रियाकलाप पर्छन् ।

**मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि मानवअधिकार रक्षकहरूले निम्न कुरा गर्नै पर्छ :**



शान्तिपूर्ण माध्यमको अवलम्बन (तिनले लक्ष्यहरू हासिल गर्नका लागि कुनै पनि स्वरूपको हिंसाको प्रयोग गर्न वा हिंसामा समावेश हुन सक्दैनन् ।



मानवअधिकारहरूको सर्वव्यापकता स्वीकार (हरेक व्यक्तिका, जुनसुकै ठाउँमा र जुनसुकै समयमा लागू हुने सबै मानवअधिकारहरू अन्तर्निहित र अविभाज्य छन् । यसको अर्थ मानवअधिकार रक्षकहरूले खास अधिकार वा व्यक्तिहरू उपर विभेद गर्न हुँदैन ।

## को हुन सक्छन् मानवअधिकार रक्षक?

उमेर, लैङ्गिकता, यौनिकता प्रतिको झुकाव, धर्म/विश्वास, जाति, जातीयता, वर्ग वा अन्य कुनै सामाजिक वर्गीकरण जेसुकै भए पनि विश्वको जुनसुकै खण्डको कुनै पनि व्यक्ति ।

कसैको पनि पेसा र व्यवसाय जेसुकै भए पनि मानवअधिकार सङ्गठनमा काम गर्नेहोस् वा स्वयंसेवक, पत्रकार, कानुन व्यवसायी, विद्यार्थी, सडकमा सामान राखेर बेच्ने व्यक्ति, किसान, समुदायको सदस्य, वा एक आमा, यस्ता जो सुकै व्यक्ति मानवअधिकार रक्षक हुन सक्दछ ।

मानवअधिकार रक्षक भनि परिभाषित गर्नमा सबैभन्दा महत्त्वपूर्ण तत्त्व भनेको मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणको निम्ति गरिएको कार्य हो । तिनीहरूले के गर्छन् सो कार्यलाई प्राथमिकतामा राखी मानवअधिकार रक्षकहरूको पहिचान गर्न सकिन्छ ।

महिला मानवअधिकार रक्षकहरू, यौनिक तथा लैंगिक अल्पसंख्यक (एलजीबीटीआईक्यू समूहका अधिकार रक्षकहरू) र भूमि तथा वातावरणीय मानवअधिकार रक्षकहरू जो मानवअधिकार संरक्षणमा सबैभन्दा सीमान्तकृत रहेका समूहका रूपमा रहेका छन् । उनीहरूले मानवअधिकार संरक्षणमा गरेका योगदानहरूलाई कदर गर्नु महत्त्वपूर्ण हुन्छ ।



## मानवअधिकार रक्षकलाई किन मद्दत गर्ने

मानवअधिकार रक्षकहरूले मानवअधिकार उल्लङ्घनविरूद्धको लडाइँमा महत्त्वपूर्ण भूमिका खेल्छन् । जुन आफैंमा भेदभाव र अन्यायविरूद्धको सङ्घर्षको मुख्य पाटोको रूपमा रहेको छ ।

राज्य र गैरराज्य दुवै खाले पक्षहरूलाई मानवअधिकारको सम्मान र संरक्षण गर्न अनवरत माग गरेवापत मानवअधिकार रक्षकहरू कहिलेकाँही नकारात्मक देखिन्छन् वा नकारात्मक रूपमा लिइन्छन् । त्यसैले गर्दा उनीहरूमाथि विभिन्न स्वरूपका ज्यादती हुने सम्भावना पनि रहन्छ ।

# मानवअधिकार रक्षकका अधिकारहरू

घोषणापत्रले हरेक व्यक्तिलाई मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा लक्षित शान्तिपूर्ण काम गर्न वा क्रियाकलापमा संलग्न हुने अधिकार भएको कुरामा जोड दिन्छ (धारा १, ११)।

यसको मतलब मानवअधिकारको समर्थनमा मानवअधिकार रक्षकहरूले गरेका शान्तिपूर्ण क्रियाकलापहरू वैधानिक मानिन्छन् ।

यदि कुनै व्यापार व्यवसायले आदिवासी जनसमुदायलाई आफ्नो पुर्ख्यौली भूमिबाट विस्थापित गर्दा उनीहरूको मानवअधिकारको उल्लङ्घन गर्छ भने व्यापारीहरूको निजी आर्थिक स्वार्थ विरूद्ध देखिए पनि शान्तिपूर्ण विरोध गर्न पाउनु मानवअधिकार रक्षकको अधिकार भित्र पर्दछ ।



क्याप्सन: महिला मानवअधिकार रक्षकहरूको अन्तर्राष्ट्रिय दिवसको अवसरमा सन् २०२२ नोभेम्बरमा काठमाण्डौंमा आयोजित र्‍यालीमा सहभागीहरू ।

## आफ्ना अधिकारहरूप्रति सजगता

मानवअधिकार रक्षकका रूपमा आफ्ना अधिकारहरू जान्नु महत्त्वपूर्ण छ। तिनीहरूलाई थाहा पाएर मानवअधिकार उल्लङ्घन र ज्यादतीबाट आफू र आफ्ना समुदायलाई जोगाउनका लागि तपाईंले कार्य गर्न सक्नुहुन्छ ।

एसियामा मानवअधिकार रक्षकविरूद्धका दुर्व्यवहारका साझा स्वरूप र आफ्ना तिनका अधिकारहरूको संरक्षणका लागि मानवअधिकार रक्षकले प्रयोग गर्न सक्ने घोषणापत्रमा रहेका धाराहरू:

| दुर्व्यवहारका प्रवृत्तिहरू | तपाईंका अधिकारहरू |
|---|---|
| केही राज्यहरूले शान्तिपूर्ण विरोधको आयोजना गर्दा वा तिनमा सामेल हुँदा मानिसहरूलाई जथाभावी पक्राउ गर्ने गर्छन् । | मानवअधिकारको उल्लङ्घनलाई सम्बोधन गर्नका लागि शान्तिपूर्वक भेला हुन पाउने अधिकार *(धारा ५, १२.१)* |
| केही मुलुकहरूले गैरसरकारी संस्थालाई लामो दर्ता प्रक्रिया लाद्ने तिनको नवीकरणमा विलम्ब गर्ने र जथाभावी इजाजतपत्र रद्द गर्ने गर्छन् । | मानवअधिकार सम्बन्धी काम गर्ने जुनसुकै संघसंस्था वा समूहहरूमा सहभागी हुने अधिकार *(धारा ५)* |
| निश्चित राज्यहरूले सार्वजनिकरूपमा मानवअधिकारका सवालमा छलफल गरेकै कारणले मानिसहरूलाई लक्षित गर्ने गर्छन् । | मानवअधिकारका सोचविचार र सिद्धान्तहरूको विकास, छलफल र विचारविमर्श र प्रवर्द्धन गर्ने अधिकार *(धारा ७)* |
| केही सीमित राज्यहरूले मानवअधिकार को प्रवर्धनमा टेवा पुऱ्याउने साधन र स्रोतमा मानवअधिकार रक्षकको पहुँचमा रोक लगाउँछन् । | मानवअधिकारका कामलाई सहयोग गर्न स्रोतसाधन प्राप्त गर्ने र उपयोग गर्ने अधिकार *(धारा १३)* |

## आफ्ना अधिकारहरूको पुनर्दाबी

राज्य तथा गैरराज्य पक्षहरूले मानवअधिकार रक्षकहरूलाई तिनका मौलिक अधिकारहरूको दाबी गर्ने कुराबाट निरन्तर हतोत्साहित गर्दै आएका छन् । तथापि, मानवअधिकारका उल्लङ्घन हुनबाट संरक्षणको अधिकार र प्रभावकारी उपचारबाट लाभान्वित हुन पाउने अधिकार मानवअधिकार रक्षकका रूपमा तपाईंलाई छ भन्ने कुरा जान्नु महत्त्वपूर्ण छ *(धारा ९.१)* ।

अधिकारहरू उल्लङ्घन भएका हरेक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायिक वा अन्य सार्वजनिक प्राधिकारसमक्ष उजुर गर्ने, क्षतिपूर्तिलगायत उपयुक्त उपचारमा पहुँच राख्ने, साथसाथै त्यस्तो उजुरको अनुचित विलम्बविना पुनरावलोकन हुने अधिकार छ *(धारा ९.२)*।

*एसियामा मानवअधिकार रक्षकलाई तिनका अधिकारहरू दाबी गर्नमा हतोत्साहित गर्ने साझा अभ्यासहरू, र यस्ता दमनकारी कार्यहरूलाई रोक्न मानवअधिकार रक्षकले प्रयोग गर्न सक्ने घोषणापत्रमा रहेका धाराहरू:*

| दमनकारी कार्यप्रवृत्ति | तपाईंका अधिकारहरू |
|---|---|
| केही राज्यहरूले मानवअधिकार रक्षकलाई मानवअधिकार सङ्गठनहरूमा भेटघाट गर्न र सहभागी हुन निरूत्साहित गर्नका लागि आवतजावतमै प्रतिबन्ध लगाउँछन् । | संयुक्त राष्ट्रसङ्घजस्ता अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूसँग सञ्चार र कुराकानी गर्ने अधिकार *(धारा ५ग, ९.४)* |
| मानवअधिकारको उल्लङ्घनबारे सूचना खोजी गर्ने वा खुलासा गर्ने मानवअधिकार रक्षकलाई ज्यानको धम्की दिइने गरिन्छ । | मानवअधिकार सम्बन्धी सूचना खोज्ने, प्राप्त गर्ने र बाँड्ने सम्प्रेषण गर्ने अधिकार *(धारा ६क र ख, ९.३ख)* |
| थोरै राज्यहरूले मानवअधिकारका संरक्षणमा (मामिलाहरूलाई सम्बोधन गर्नमा) राज्यको अपर्याप्त क्रियाशीलता वा कारबाईका सम्बन्धमा मानवअधिकार रक्षकले प्रस्तुत गरेका उजुरीलाई बेवास्ता गर्छन् । | राज्यका आधिकारिक (जिम्मेवार) निकायले अन्तर्राष्ट्रिय मानवअधिकारको दस्तावेज अनुसारको दायित्व परिपालना गरे नगरेको उजुरी पेश गर्ने अधिकार *(धारा ८.२, ९.२)* |
| केही राज्यहरूले मानवअधिकारको उल्लङ्घनबारेका उजुरी लिन अस्वीकार गर्छन् वा पीडितको न्यायमा पहुँच सुनिश्चित गर्दैनन् वा न्यायप्राप्तिका लागि आहत र पीडितलाई आवश्यक मद्दत गर्नेबारेका उजुर लिन अस्वीकार गर्छन् । | मानवअधिकारका उल्लङ्घनहरूलाई सम्बोधन गर्ने कानुनी उजुर दायर गर्ने, कानुनी सल्लाह र परामर्श खोज्ने, र न्यायप्रणालीबाट स्वच्छ व्यवहार हुने अधिकार *(धारा २, ९.३ क र ग)* |
| थुप्रै राज्यमा मानवअधिकार रक्षकमाथि हुने धम्की र हिंसा मानव अधिकार उल्लङ्घनका साझा स्वरूपमा पर्छन् । | हिंसाजन्य कार्यहरू वा सृजित गर्ने कार्य विरूद्ध शान्तिपूर्ण प्रतिक्रिया जनाउँदा संरक्षण पाउनु पर्ने अधिकार *(धारा १२.३)* |

## राज्यका दायित्वहरू

सबै प्रकारका मानवअधिकारको संरक्षण, प्रवर्द्धन र कार्यान्वयन गर्ने प्रमुख दायित्व राज्यको हो । मानवअधिकार रक्षकलगायत हरेक व्यक्तिले आफ्ना तिनका मानवअधिकारको प्रचलन गर्न र उपभोग गर्न पाउने कुरा सुनिश्चित गर्न सबै उपायहरू अवलम्बन गर्नु राज्यको कर्तव्य हो *(धारा २)* ।

मौलिक स्वतन्त्रताको उपभोगलाई सुनिश्चित गर्नका लागि राष्ट्रिय कानुनले अन्तर्राष्ट्रिय मानवअधिकार कानुन अन्तर्गतका दायित्वसँग तालमेल राख्नै पर्ने हुन्छ *(धारा ३)* ।

## राज्यका कर्तव्य

## राज्यका असल अभ्यासका उदाहरण

| राज्यका कर्तव्य | राज्यका असल अभ्यासका उदाहरण |
|---|---|
| मानवअधिकार उल्लङ्घनका घटनालाई शीघ्रता र निष्पक्षतापूर्वक अनुसन्धान र सम्बोधन गर्ने *(धारा ९.५)*<br><br>मानवअधिकार रक्षकका शान्तिपूर्ण क्रियाकलापलाई राष्ट्रिय कानुन र राज्यका निकायले संरक्षण गर्ने कुरा सुनिश्चित गर्ने *(धारा १२.२)* | एसियाका केही देशका राष्ट्रिय कानुन तथा नीतिहरूमा मानवअधिकार रक्षकलाई मद्दत गर्नुपर्ने आवश्यकता अहिले प्रतिविम्बित भएको छ ।<br><br>केही मुलुकहरूमा मानवअधिकार रक्षकहरूको संरक्षण सुनिश्चित पार्न कानुन लागू गर्ने र उल्लङ्घनका उजुरीहरूलाई सहजीकरण गर्न मानवअधिकार रक्षकको संरक्षणसम्बन्धी समितिको प्रावधान समावेश गर्ने सम्बन्धमा संस्थागत तहमा छलफल हुँदै छन् । |
| मानवअधिकारसम्बन्धी चेतना र बुझाइ फैलाउने, र मानवअधिकारसम्बन्धी सूचनाको पहुँच सुनिश्चित पार्ने *(धारा १४.१, १४.२)*<br><br>मानवअधिकारलाई शैक्षिक प्रणालीको अङ्ग बनाउने *(धारा १५)* | एसियाली देशहरूको बढ्दो सङ्ख्या व्यवसाय र मानवअधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना अवलम्बन गर्ने प्रक्रियामा छ ।<br><br>व्यवसायसँग सम्बन्धीत मानवअधिकारका मापदण्डसम्बन्धी जनचेतना जगाउन र जानकारी फैलाउन राष्ट्रिय कार्ययोजनामार्फत सरकारहरू जिम्मेवार हुनेछन् । |
| राष्ट्रिय तहमा मानवअधिकारहरूको संरक्षण र संवर्द्धन गर्न स्वतन्त्र निकाय संस्थाको सुनिश्चितता गर्नु<br><br>मानवअधिकारको संरक्षण गर्नमा राष्ट्रिय संस्थालाई सहयोग उपलब्ध गराउने *(धारा १४.३)* | एसियाका धेरै देशमा मानवअधिकारको अनुगमन, संरक्षण तथा संवर्द्धन गर्ने अभिभारा पाएका स्वतन्त्र राष्ट्रिय मानवअधिकार प्रतिष्ठानहरू स्थापना भएका छन् । |

# गैरराज्य पक्षहरू

यस घोषणापत्रले गैरराज्य पक्षलगायत हरेक व्यक्ति मानवअधिकार रक्षकका अधिकारहरूको संरक्षण र प्रवर्द्धनका लागि जिम्मेवार छ भन्ने कुरामा जोड दिन्छ ।

हरेक व्यक्तिको समुदायप्रति र समुदायभित्र कर्तव्यहरू छन् *(धारा १८.१)* । कर्तव्यहरूका दुई साझा प्रकार छन् :

- ✔ कार्यस्थलमा कर्मचारीको व्यक्तिगत सुरक्षाका उपाय अवलम्बन गर्नुपर्नेजस्ता कार्य सम्बन्धी कर्तव्य (*सकारात्मक दायित्व* पनि भनिन्छ) र
- ✖ शान्तिपूर्ण भेला हुने र सभा गर्ने अरूको अधिकारहरूमा बाधा पुर्‍याउनेजस्ता कार्य गर्न नहुने कर्तव्य (*नकारात्मक दायित्व* पनि भनिन्छ) ।

गैरसरकारी संस्थाहरू
(नागरिका समाजका सङ्गठनहरू, विचार समूहहरू)

समूह र समुदाय
(स्थानीय समुदाय, आदिवासी समूह, वकालत र पैरवी समूह)




शैक्षिक संस्थाहरू

सशस्त्र समूह

व्यक्ति विशेषहरू
(कलाकार, प्राज्ञिक व्यक्तित्व, सामाजिक अभियन्ताहरू)

दाताहरू

मिडिया

बैंक तथा वित्तीय संस्थाहरू

धार्मिक संस्थाहरू

राष्ट्रिय तथा बहुराष्ट्रिय निगमहरू
(खानी कम्पनी, निर्माण कम्पनी)

हरेक व्यक्तिका अधिकारहरूको प्रवर्द्धन गर्नमा गैरराज्य पक्षहरूको जिम्मेवारी छ ।

राष्ट्रिय, क्षेत्रीय, र अन्तरराष्ट्रिय तहमा विभिन्न संयन्त्रहरूको प्रयोग गर्दै कुनै पनि उल्लङ्घनका लागि गैरराज्य पक्षलाई जवाफदेही बनाउन मानवअधिकार रक्षकहरूलाई अधिकार छ ।

## मानवअधिकारको अनुल्लङ्घन

मानवअधिकारको उल्लङ्घनमा संलग्न हुन इन्कार गरेवापत कसैले पनि दण्डित हुनुपर्ने छैन *(धारा १०)*।

कसैले पनि मानवअधिकारको उल्लङ्घनमा सहभागी हुने, अधिकारहरू नष्ट पार्नमा लक्षित क्रियाकलापमा संलग्न हुने वा मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्डसँग बाझ्ने वा बेमेल हुने क्रियाकलापको प्रवर्द्धन गर्ने छैनन् । *(धारा १०, १९ र २०)*

## मानवअधिकारको संरक्षण गर्ने

सबैको मानवअधिकारको परिपूर्ति हुने अनुकुल वातावरण सिर्जना गर्नमा हरेक व्यक्तिको महत्त्वपूर्ण भूमिका छ । *(धारा १८)*

आफ्नो पेसा र व्यवसायको नतिजास्वरूप अरूका मानवअधिकार र मौलिक स्वतन्त्रतामा दखल पार्न सक्ने हरेक व्यक्तिले ती मानवअधिकार र स्वतन्त्रताहरूको सम्मान गर्नुपर्छ र यसको सुनिश्चितताका लागि सान्दर्भिक राष्ट्रिय र अन्तरराष्ट्रिय मापदण्डहरूको पालना र अनुसरण गर्नुपर्छ । *(धारा ११)*

## २०२३: एसियामा घोषणापत्र एक झलक

- अहिले केही मुलुकहरूले मानवअधिकार रक्षकहरूलाई मान्यता दिन्छन् र सहयोग उपलब्ध गराउँछन् ।
- मानवअधिकार रक्षकहरूको संरक्षण गर्नमा एसियामा केही प्रगति भएको देखिन्छ ।
- मानवअधिकार रक्षकहरूको संरक्षण सुनिश्चित गर्नका लागि केही एसियाली मुलुकहरूमा कानुन र नीतिहरूको मसौदा गर्ने र कार्यान्वयन गर्ने बारेमा विचारविमर्श हुँदै छन् ।
- एसिया र एसिया बाहिर अथक रूपले मानवअधिकारको रक्षा र प्रवर्द्धन गरेका मानवअधिकार रक्षकहरूको कार्यमार्फत नै यो प्रगति सम्भव भएको हो ।

यी सकारात्मक विकास हुँदाहुँदै पनि मानवअधिकार रक्षकका अधिकारहरूको उल्लङ्घन व्यापक रहेको छ र घोषणापत्रको कार्यान्वयन गर्नमा धेरै काम गरिनु पर्ने अवस्था छ ।

एसियामा धेरै मानवअधिकार रक्षकहरू शान्तिपूर्ण मानवअधिकार क्रियाकलापकै बाबजुद पनि उनीहरूमाथि लक्षित गरिने दुर्व्यवहार गरिने धम्क्याइने र तर्साइने र मारिनेसम्मको कुरा निरन्तर भैरहेको छ ।

## तथ्याङ्क

फोरम एसियाको अभिलेखीकरण* अनुसार १ जनवरी २०२१ देखि ३१ डिसेम्बर २०२३ को अवधिमा एसियाका २२ देशमा मानवअधिकार रक्षकका अधिकारहरूको उल्लङ्घनका १,६२७ घटना भएका छन्: परिणामस्वरूप गैरसरकारी संस्था र परिवारका सदस्यलगायत कम्तीमा ४,४३६ जना मानवअधिकार रक्षकलाई असर परेको छ ।

**समेटिएका देश**

दक्षिणपूर्व एसिया
कम्बोडिया
इन्डोनेसिया
लाओस
मलेसिया
म्यान्मार
फिलिपिन्स
सिङ्गापुर
थाइल्याण्ड
टिमोर-लेस्ते
भियतनाम

**दक्षिण एसिया**

अफगानिस्तान
बङ्गलादेश
भारत
मालदिभ्स
नेपाल
पाकिस्तान
श्रीलङ्का

**मध्य एसिया**

काजिकस्तान
किर्गिस्तान


**उत्तरपूर्व एसिया**

चीन
गणतन्त्र कोरिया
मङ्गोलिया



*तथ्याङ्कले एसियामा मानवअधिकार रक्षकका विरूद्ध भएका पूरै उल्लङ्घनहरूको प्रतिनिधित्व नगर्न पनि सक्दछ ।

## मानवअधिकार रक्षकविरूद्ध गरिएका उल्लङ्घनका साझा स्वरूप**





न्यायिक हैरानी मानवअधिकार रक्षकविरूद्धको उल्लङ्घनको सबैभन्दा साझा स्वरूप हो, जुन प्रायः बनावटी अभियोजन र आरोपमा मुद्दा चलाएर गरिएको हुन्छ । धेरै घटनामा रक्षकहरूको गिरफ्तारी र थुनछेकसँग स्वच्छ पुर्पक्षको अभाव र अनुपस्थिति गाँसिएकै हुन्छ ।

त्रास र धम्कीका घटनाहरू यस क्षेत्रमा प्रशस्त्र मात्रामा हुने गरेको पाइन्छ ।

मानवअधिकार रक्षकहरू सहभागी शान्तिपूर्ण भेलामा राज्यका अधिकारीहरूले बल प्रयोग गर्दा शारीरिक वा भौतिक हिंसा पनि मुख्य उल्लङ्घनको रूपमा रह्यो ।

हत्या र मृत्युका धेरै घटनाहरू अभिलेखित भए । धेरैजसो मानवअधिकार रक्षकहरूको हत्या राज्य पक्षद्वारा भयो भने भेलामा आफूमाथि भएको हिंसाका कारण केहीले ज्यान गुमाए ।

## अति प्रभावित र असर परेका रक्षकहरूका वर्गीकरण




** रेखाचित्रले अभिलेख गरिएका घटनाहरूलाई सङ्केत गर्छ र यो सबै प्रभावित मानवअधिकार रक्षकहरूको सङ्ख्याको बराबर अङ्क होइन ।


लोकतन्त्र पक्षधर अधिकारकर्मीहरू सबैभन्दा धेरै पीडित र प्रभावित छन् ।

महिला मानवअधिकार रक्षकहरू आफ्ना कामका लागि मात्र नभएर महिला भएकोमा पनि धेरै उल्लङ्घनका घटनामा हानी-नोक्सानीको निशाना बन्ने गरेका छन् ।

समुदायमा आधारित, भूमि, आदिवासी जनजाति र वातावरणीय मानवअधिकार रक्षक बढी आक्रमणको निशाना बन्छन् तर पनि यी रक्षकहरूको विद्यमान संरक्षण प्रणालीमा सीमित पहुँच छ । उनीहरूविरूद्ध भएका उल्लङ्घनहरू प्रायः उजुरी नहुने गरेका छन् ।

युवा र विद्यार्थीले धेरैजसो लोकतन्त्रपक्षी आन्दोलन र विरोधको नेतृत्व गर्ने हुँदा निसाना बने ।

## उल्लङ्घित अधिकार र स्वतन्त्रताका प्रकार




भौतिक संकुचित नागरिक अभ्यास र परिधीका कारणले मानवअधिकारकर्मीहरू निरन्तर चुनौती भोगिरहेछन् जसले भौतिक र डिजिटल क्षेत्र दुवैलाई असर गरिहकेको छ ।

त्रास र धाकधम्की समावेश रहने हिंसात्मक माध्यमद्वारा रक्षकहरूको कामको दमन तिनको स्वस्थ र सुरक्षित वातावरणको अधिकारको उल्लङ्घन हो ।

**राज्य पक्ष ८३ प्रतिशत भन्दा बढी अभिलिखित घटनामा पीडक थिए ।**

स्वतन्त्रता र सुरक्षाको अधिकार र स्वच्छ पुर्पक्षको अधिकार सबैभन्दा बढी उल्लङ्घन भएका अधिकार हुन् । यो खासगरि मानवअधिकार रक्षकविरूद्ध ब्यापक न्यायिक हैरानीले गर्दा भएको हो ।

अनलाइन र अरू माध्यमबाट अभिव्यक्ति र शान्तिपूर्ण भेला तथा सङ्गठनको स्वतन्त्रता अभ्यास गर्ने मानवअधिकार रक्षकहरूलाई दमनकारी कानुनको कार्यान्वयन मार्फत व्यवधान पुऱ्याइने गरिएको छ ।

पीडकहरूमध्ये दण्डहीनताको परिवेशमा परिचालित हुने गैरराज्य पक्षहरू पर्छन् । जहाँ अधिकारीहरू नै उल्लङ्घनमा सहभागी हुन्छन् वा मानवअधिकार रक्षकलाई जोगाउनका लागि कुनै कार्य गर्दैनन् ।

## मानवअधिकारकर्मीको संरक्षण सुदृढिकरण गर्न र यस घोषणापत्रको प्रयोग हामी कसरी गर्न सक्छौँ?

अन्तरराष्ट्रिय मानवअधिकार कानुन र मापदण्डको सम्मान र परिपालन गर्न राज्यहरूलाई आग्रह गर्ने ।

घोषणापत्रलाई लोकचर्चित बनाउन, मानवअधिकार रक्षकका कामको महत्त्व र तिनले सामना गर्नुपर्ने चुनौतीलाई जोड दिनका लागि अन्य मानवअधिकार रक्षक समुदायको सहकार्यमा सक्रिय भूमिका खेल्ने ।

घोषणापत्रको कार्यान्वयनका लागि जोड दिँदै अरूले गरेका कामहरूमा आधारित भएर थप कार्य गर्ने र त्यसलाई निरन्तर सुदृढ तथा सबल पार्ने ।

मानवअधिकार रक्षकहरूको प्रभावकारी संरक्षणका लागि आवश्यक संयन्त्रहरूको स्थापना गर्न सरकारसँग माग गर्ने ।

# मानवअधिकार रक्षकका लागि मद्दत संयन्त्र

## संयुक्त राष्ट्रसङ्घीय विशेष कार्यविधि

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद् अन्तरगत विशेष कार्यविधिहरू स्थापित गरिएका छन् । खास विषय वा मुलुकमा केन्द्रित भएर मानवअधिकारसम्बन्धी प्रतिवेदन पेश गर्ने तथा सुझाब दिने तिनको मुख्य कार्य हो ।

विशेष कार्यविधिले सबै मानवअधिकारलाई समेट्छ र विशेष समाधीक्षक, स्वतन्त्र विज्ञहरू तथा पाँच जनाको टोलीमा सञ्चालित हुने कार्यसमूहहरूलाई समेट्छ । समग्रमा तिनीहरूलाई विशेष कार्यविधि कार्यादेश धारक (एसपीएमएचएस) भनिन्छ ।

मानवअधिकार रक्षकहरूसँग सबैभन्दा सान्दर्भिक विशेष कार्यविधि चाहिँ १९९८ को घोषणापत्रको कार्यान्वयनमा मद्दत पुऱ्याउन खडा गरिएको मानवअधिकार रक्षकको स्थितिसम्बन्धी विशेष आलेखको व्यवस्था हो ।

निम्नानुसारका अन्य विषयगत विशेष कार्यविधिहरू पनि मानवअधिकार रक्षक र तिनका कामसँग सम्बन्धित हुन्छन्ः



विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकारको संवर्द्धन र संरक्षणसम्बन्धी विशेष आलेख



शान्तिपूर्ण भेला तथा सङ्गठनको अधिकारसम्बन्धी विशेष आलेख



महिलाविरूद्धको हिंसा, यसका कारण र परिणाम सम्बन्धी विशेष आलेख



आदिवासीका अधिकार सम्बन्धी विशेष आलेख



मानवअधिकार तथा बहुराष्ट्रिय निगमसँग सम्बन्धित कार्य समूह एवं अन्य उद्यमव्यवसाय (बिजिनेस इन्टरप्राइजेज)

विषयगत कार्यादेशका विशेष कार्यविधिहरूको पूर्णसूची:
https://spinternet.ohchr.org/ViewAllCountryMandates.aspx?Type=TM&lang=en.

मानवअधिकार रक्षकको अवस्थासम्बन्धी विशेष आलेखको वेबपृष्ठ
https://www.ohchr.org/en/issues/srhrdefenders/pages/srhrdefendersindex.aspx

देशीय कार्यादेशका सन्दर्भमा विशेष कार्यविधिमा कम्बोडिया र म्यान्मारमा मानवअधिकारको स्थितिसम्बन्धी विशेष आलेखक समेटिन्छन् ।

विशेष कार्यविधि कार्यादेश धारकको कामहरूमध्ये प्रमुख भनेको एकल वा सामूहिक रूपमा प्रभावित अधिकारधारकसँग संलग्न हुनु हो ।

तिनीहरूले गर्ने क्रियाकलापमा विगत वर्षमा सङ्कलन गरिएका सूचनामा आधारित भएर आम प्रवृत्ति र विकासक्रममा प्रकाश पार्नुका साथसाथै सुझाव र सिफारिसहरू र वार्षिक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा पेस गर्ने कुरा समेटिन्छन् ।

यसका अतिरिक्त, तिनले देशीय भ्रमणहरू गर्छन्, कार्यादेशसँग सम्बन्धित हुने मानवअधिकार उल्लङ्घनसम्बन्धी सूचना प्राप्त गर्छन्, र आरोपित मानवअधिकार उल्लङ्घनकर्तालाई सञ्चार पठाउँछन् । यिनीहरूलाई तल थप चर्चा गरिएको छ ।

## देशीय भ्रमण

देशीय भ्रमणले राष्ट्रिय तहमा मानवअधिकारको स्थितिको लेखाजोखा, मानवअधिकार रक्षकविरूद्धका उल्लङ्घनसम्बन्धी प्रवृत्तिजस्ता चुनौतीहरूको पहिचान, र तिनले काम गर्ने ठाउँका विद्यमान कानुन र नीतिहरू लगायत वातावरणको विश्लेषण गर्छन् ।

मिसनभन्दा केही महिना अगाडि विशेष कार्यविधि कार्यादेश धारकले सहयोग (इन्पुट) का लागि आह्वान गर्छन् । मिसनले भ्रमण गर्नुपर्ने ठाउँ, वा भेटघाट गर्नुपर्ने अधिकारीहरू, सङ्घसंस्था तथा व्यक्तिहरूसम्बन्धी जानकारी इच्छुक जोकसैले पनि दिन सक्छन् । दिइएका सूचना र जानकारी गोप्य राखिन्छन् ।


देशीय भ्रमणपछिको महिनाहरूमा विशेष कार्यविधि कार्यादेश धारकले मिसनबाट प्राप्त भएका निचोडहरू (फाइन्डिङ्स) रहेको निष्पक्ष र स्वतन्त्र प्रतिवेदन जारी गर्छन्, र सरकार तथा अन्य सम्बन्धित सरोकारवालाहरूलाई सिफारिसहरू उपलब्ध गराउँछन् ।

भ्रमण समयमा विशेष कार्यविधि कार्यादेश धारकरले विभिन्न सरोकारवाला पक्ष, जस्तैः केन्द्रीय र स्थानीय सरकारहरू, न्यायपालिका, राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधिहरू र अधिकारधारकहरू – मानवअधिकार रक्षकहरू र नागरिक समाजका सङ्घसंस्थाहरूका सदस्यहरूका साथसाथै पीडितहरूलगायतसँग भेटघाट गर्छन् ।

सरकारले सदैव देशीय भ्रमणहरूका बेला तिनीहरूको आवतजावत र छानबिनको स्वतन्त्रताका साथसाथै नागरिक समाजका सबै क्षेत्रहरूसँग गोपनीयतापूर्वक भेटघाट र कुराकानी गर्ने सक्षमतालाई सुनिश्चित पार्दै विशेष कार्यविधि कार्यादेश धारकहरूसँग सहकार्य गर्नुपर्छ ।

विशेष कार्यविधि कार्यादेश धारकहरूको देशीय भ्रमणहरूको वेबपृष्ठः
https://www.ohchr.org/EN/HRBodies/SP/Pages/CountryandothervisitsSP.aspx

## सञ्चार



विशेष कार्यविधि, कार्यादेश धारकहरूले तिनको ध्यानाकर्षणमा ल्याइएका मानवअधिकार रक्षकविरूद्ध भए लगायतका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्दै सरकारहरूसँग सञ्चार र कुराकानी गर्दछन् ।



जारी रहेका वा भैहाल्ने जोखिममा रहेका वा पहिल्यै भइसकेका उल्लङ्घनका घटनाहरू सञ्चार सम्बन्धित हुन सक्दछ । आरोपित पीडकहरू हुन् भन्ने ठानिएमा सञ्चारहरू गैरराज्य पक्षहरूलाई पनि पठाइन सक्छ ।

व्यक्ति, समूह र सङ्गठनहरूले देहायका सूचनाहरू उपलब्ध गराउँदै विशेष कार्यविधि कार्यादेश धारकहरूसमक्ष गुनासो र उजुर पेस गर्न सक्छन्:

१. पीडित(हरू) को, र सूचना पेस गर्ने फरक व्यक्ति भए निजको, पहिचान
२. आरोपित पीडक(हरू)को पहिचान
३. पीडितले गरेका मानवअधिकार क्रियाकलाप र बेहोरेको उल्लङ्घनको प्रकार
४. मिति, स्थान, र उल्लङ्घनहरूको सम्भाव्य प्रवृत्तिलाई प्रकाश पार्दै उल्लङ्घनको सिलसिलासँग सम्बन्धित घटनाको विस्तृत वृत्तान्त र
५. उल्लङ्घनपछि पीडित र सक्षम अधिकारीहरूद्वारा गरिएका कारबाई ।

उजुर र गुनासो अनलाइन भरेर https://spsubmission.ohchr.org/en मा पनि पेस गर्न सकिन्छ ।*

पेश गरिएको निवेदनलाई स्वीकार गरिएमा विशेष कार्यविधि कार्यादेश धारकले उल्लङ्घनका विषयमा सरकार वा अन्य सान्दर्भिक सरोकारवालालाई सतर्क गराउनका लागि लिखित सञ्चार पठाउनेछ ।**

सञ्चारमा :

१. घटनाहरू र पीडित(हरू)को विवरणलगायत निवेदनमा रहेका तथ्य(हरू)
२. घटनामा आकर्षित हुने अन्तरराष्ट्रिय मानवअधिकारका मूल्य तथा मापदण्डहरू र
३. उल्लङ्घन रोक्न वा रोकथाम गर्नका लागि उपयुक्त उपायहरू अपनाउन अनुरोध । उल्लङ्घनको अनुसन्धान गर्न र जिम्मेवारहरूलाई न्यायका दायरामा ल्याउन पनि विशेष कार्यविधि कार्यादेश धारकहरूले अनुरोध गर्न सक्छन् ।



* निवेदकका लेखकहरूलाई घटनासँग सम्बन्धित थप दुर्व्यवहार तथा आक्रमण जस्ता आवधिक सूचना विशेष कार्यविधि कार्यादेश धारकसँग सम्प्रेषित गर्न आह्वान गरिन्छ ।

** विशेष कार्यविधि कार्यादेश धारकहरूले कार्यादेशको सान्दर्भिकता, स्रोतहरू र उपलब्ध गराइएका सूचनाको विश्वसनीयतामा आधारित भएर सञ्चारहरू पठाउँछन् ।

पठाइएको सञ्चार कानुनी रूपले बन्धनकारी हुँदैन र सरकार त्यसको जवाफ फर्काउन बाध्य हुँदैन, तर पनि यसले कारबाई चलाउनका लागि सरकारउपर अन्तर्राष्ट्रिय दबाब सिर्जना गर्छ ।

सरकारसँगका सञ्चारहरूमा पीडितहरूको नाम समावेश गर्नका लागि उनीहरूको सहमति प्राप्त गर्नु आवश्यक हुनेछ । विशेष कार्यविधि कार्यादेश धारकहरू पीडितहरूलाई संरक्षण उपलब्ध गराउन असमर्थ हुन्छन् ।

एकभन्दा बढी कार्यादेशमा पर्ने गरीको हिंसा उल्लङ्घनका घटनामा निवेदन एकभन्दा बढी विशेष कार्यविधि कार्यादेश धारकहरूलाई पठाउन सकिन्छ । विशेष कार्यविधि कार्यादेश धारकहरूले घटनालाई सम्बोधन गर्दै सरकार वा अन्य सम्बन्धित निकायलाई संयुक्त पत्र जारी गर्न सक्छन् ।

सरकारसँग विशेष कार्यविधि कार्यादेश धारकको सञ्चारको वेवपृष्ठः
https://www.ohchr.org/EN/HRBodies/SP/Pages/Communications.aspx.

सरकारलाई पठाइएका सञ्चार र त्यसमाथिका जवाफहरूको अभिलेख:
https://spcommreports.ohchr.org/Tmsearch/TMDocuments

# कूटनीतिक नियोगका लागि मानवअधिकार रक्षकसम्बन्धी मार्गदर्शन

## मानवअधिकार रक्षकसम्बन्धी युरोपेली महासङ्घ (इयू) को मार्गदर्शन

युरोपेली महासङ्घले आफ्नो मानवअधिकार रक्षकसम्बन्धी मार्गदर्शन जारी गरेको छ जसले तेस्रो मुलुकहरूमा रहेका युरोपेली महासङ्घीय मिसन अन्तर्गतका लागि रक्षकको मद्दतका लागि गरिने सक्रिय नीतिहरू र स्थानीय रणनीतिहरू परिभाषित गरेको छ ।

युरोपेली महासङ्घीय नियोगहरूमा तेस्रो मुलुकहरूमा जाने र रहने महासङ्घीय प्रतिनिधिमण्डलहरू र महासङ्घका सदस्य राज्यहरूका कूटनीतिक नियोगहरू (राजदूतावास र वाणिज्यदूतहरू) समेटिन्छन् र तिनीहरूले महासङ्घ र मानवअधिकार रक्षकहरूबीच प्राथमिक सम्पर्कविन्दुको प्रतिनिधित्व गर्छन् ।

## राष्ट्रिय मार्गदर्शन

नेदरल्याण्ड्स, फिन्ल्यान्ड, नर्वे, स्विट्जरल्यान्ड, र संयुक्त अधिराज्यले मानवअधिकार रक्षकहरूका लागि सहायतालाई आफ्ना मानव अधिकार सम्बन्धी विदेशनीतिको प्राथमिकताका रूपमा पहिचान गरेका छन् ।

यी देशहरूले मानवअधिकार रक्षकहरूलाई प्रभावकारी सहायता र संरक्षण उपलब्ध गराउने लक्ष्यसाथ आफ्नै राष्ट्रिय मार्गदनिर्देशिकाहरू विकास गरेका छन् । राष्ट्रिय मार्गनिर्देशिकाहरू तेस्रो मुलुकमा रहेका देशका कूटनीतिक नियोगहरूका लागि लागु हुन्छन् ।

# रक्षकहरूका मद्दतका लागि मार्गदर्शन उपलब्ध गराइएको सहयोगको प्रकार

मानवअधिकार रक्षकसम्बन्धी इयू मार्गदर्शन



- पुर्पक्ष अवलोकन
- पैरवी (कुनैपनि घटनालाई द्विपक्षीय र बहुपक्षीय बैठकहरूमा उठाउने, सार्वजनिक विज्ञप्ति जारी गर्ने)
- मानवअधिकार रक्षकसँग निरन्तर सम्पर्क कायम राख्ने, तिनीहरूका अवस्थाका बारेमा आवधिक रूपमा प्रतिवेदन गर्ने
- मानवीय प्रवेशाज्ञा जारी गर्नमा सहयोग गर्ने (इयू सदस्य राष्ट्रहरूको पहलमा आधारित)

मानवअधिकार रक्षकहरूका लागि डच (नेदरल्यान्ड) कार्ययोजना



- पुर्पक्ष अवलोकन
- पैरवी (कुनैपनि घटनालाई बहुपक्षीय बैठकहरूमा उठाउने, सार्वजनिक विज्ञप्ति जारी गर्ने)
- मानवअधिकार रक्षकहरूसँग निरन्तर सम्पर्क कायम राख्ने र उनीहरूलाई देखिने बनाउने (भिजिबिलिटी) उपलब्ध गराउने
- जोखिममा रहेका मानवअधिकार रक्षकलाई अल्पकालीन बसाइ सेन्जेन प्रवेशाज्ञा शीघ्रतापूर्वक जारी गर्नमा सहयोग गर्ने (परराष्ट्र मामिला मन्त्रालय)

मानवअधिकार रक्षकलाई सहायता गर्नेसम्बन्धी फिनल्याण्डको परराष्ट्र मन्त्रालयको मार्गदर्शन



- पैरवी (जोखिममा रहेका मानवअधिकार रक्षकका घटनाबारे सरकारसँग सञ्चार गर्ने)
- मानवअधिकार रक्षकको अवस्थाबारे नियमित अनुगमन र प्रतिवेदन
- स्थानीय सहयोग कोषमार्फत मानवअधिकार रक्षकहरू र गैरसरकारी संस्थाहरूलाई वित्तीय सहायता

## मानवअधिकार रक्षकहरूको मद्दतका लागि नर्वेली प्रयासहरू



- पुर्पक्ष अवलोकन र कारागार भ्रमण
- सरकारसँग औपचारिक बैठक र भेटघाट वा मानवअधिकार रक्षकविरूद्धका उल्लङ्घनका घटनामा औपचारिक विज्ञप्ति
- सहयोग दर्साउन सञ्चारमाध्यमको प्रयोग र मानवअधिकार रक्षकलाई सर्वमानस समक्ष देखिन सक्ने बनाउने
- क्षमताविकास प्रशिक्षण, र अन्य क्रियाकलाप, र जोखिमग्रस्त मानवअधिकार रक्षकहरूको अस्थायी स्थानान्तरण (रिलोकेसन) लागि वित्तीय वा व्यावहारिक सहायता
- जोखिमग्रस्त मानवअधिकार रक्षकका निमित्त नर्वेमा शरणको प्रक्रियामा अपवादजनक सहायता ।

## मानवअधिकार रक्षकसम्बन्धी स्विस मार्गदर्शन



- पुर्पक्ष अवलोकन र कारागार भ्रमण
- पैरवी (अन्तर्राष्ट्रिय कानुनको सम्मानका लागि आह्वान, कुनै पनि घटनामा औपचारिक विज्ञप्ति जारी)
- कारागारमा रहेका मानवअधिकार रक्षकसँग भेटघाट, तिनीहरूको अवस्थाबारे अनुगमन र आवधिक प्रतिवेदन
- मनोसामाजिक परामर्शका उपायहरूमा सहायता, राजदूतावास भवनहरूमा अपवादजनक अस्थायी संरक्षण उपलब्ध गराउने
- प्रवेशाज्ञा प्रक्रियामा मद्दत (जोखिमग्रस्त मानवअधिकार रक्षकका लागि संयुक्त राष्ट्रसङ्घका जेनेभामा हुने कार्यक्रम भाग लिनका लागि)

## मानवअधिकार रक्षकहरूका लागि संयुक्त अधिराज्य सहायता



- पुर्पक्ष अवलोकन र कारागार भ्रमण
- पैरवी (सरकार तथा संलग्न देखिएमा संयुक्त अधिराज्यस्थित कम्पनीसँग सम्बन्धित घटना उठान गर्ने र सार्वजनिक विज्ञप्ति जारी गर्ने)
- मानवअधिकार रक्षकसँग नियमित सम्पर्क कायम गर्ने र उनीहरूलाई सर्वमानस समक्ष देखिने बनाउने
- मानवअधिकार रक्षकलाई आपत्कालीन सहायता उपलब्ध गराउन सक्षम गैरसरकारी संस्थाहरूसँग सम्पर्क स्थापित गराउने
- स्थानीय नागरिक समाज सङ्गठन तथा गैरसरकारी संस्थाहरूलाई वित्तीय सहायता

# जोखिमग्रस्त मानवअधिकार रक्षकका लागि अतिरिक्त संरक्षण संयन्त्र

## जोखिममा रहेका मानवअधिकार रक्षकका लागि संरक्षण योजना (फोरम एसिया)

FORUM-ASIA

यस संरक्षण योजना जोखिममा रहेका मानवअधिकार रक्षकका लागि सहायता संयन्त्र हो जसले अस्थायी स्थानान्तरणका स्वरूप र अन्य किसिमका जरूरी सहायता मार्फत समयमै प्रभावकारी मद्दत उपलब्ध गराउँछ ।

यसले पुर्पक्ष अवलोकन मिसनलाई पनि सहायता उपलब्ध गराउँछ । फोरम एसियाबाट संरक्षण योजना अन्तर्गत दिइने सहायता अस्थायी प्रकृतिका हुन्छन् ।

उपलब्ध गराइने सहायताका प्रकार, सीमा र लागू हुने सर्तहरू सम्बन्धीत बढी सूचना यसमा उपलब्ध छन् : https://www.forum-asia.org/?p=7302

## द्रूत प्रतिकृया अनुदान (अर्जेन्ट एक्सन फन्ड)

URGENT ACTION FUND FOR WOMEN'S HUMAN RIGHTS ASIA & PACIFIC

अर्जेन्ट एक्सन फन्ड फर विमेन्स ह्युमन राइट्स एसिया एन्ड प्यासिफिक (UAF A&P) ले तत्काल जोखिममा रहेका महिला मानवअधिकार रक्षक र गैरद्विचर (नन-बाइनरी) मानवअधिकार रक्षकका लागि तिनीहरूको प्रतिरोधरात्मक क्षमता अभिवृद्धिका निम्ति द्रूत प्रतिक्रिया संयन्त्र मार्फत अनुदान सहयोग उपलब्ध गराउँछ ।

निवेदनका लागि चाहिने कुरा र प्रक्रियाका बारेमा थप जान्न यहाँ हेर्नुहोला । https://www.uafanp.org/resourcing-resilience-grants

## प्रोटेक्ट डिफेन्डर्स डट इयु
## PROTECTDEFENDERS .EU

PROTECTDEFENDERS.EU

यो विश्वभर जोखिममा रहेका मानवअधिकार रक्षकलाई संरक्षण गर्न स्थापना गरिएको युरोपेली महासङ्घीय संयन्त्र हो र फोरम एसियालगायतका १२ गैरसरकारी संस्थाहरूको परिसमूह (कन्सोर्टियम) द्वारा सञ्चालित छ ।

प्रदान गरिने सहायताका मुख्य प्रकारमा तत्काल जोखिम सामना गरिरहेका मानवअधिकार रक्षकलाई टेलिफोन, स्काइप कल, वेबका सुरक्षित माध्यमबाट अहोरात्र सात दिन चौबीसै घण्टा सहयोग सञ्चार सेवा प्रदान गर्नु हो (हेल्पलाइन) । प्रोटेक्टडिफेन्डर्स डट इयुले आपत्कालीन र अस्थायी स्थानान्तरण अनुदानहरू पनि उपलब्ध गराउँछ ।

उपलब्ध गराइने सहायताका प्रकारका बारेमा थप जानकारी यहाँ उपलब्ध छः
https://protectdefenders.eu/protecting-defenders/#emergency

## आपत्कालीन सहायता (फ्रिडम हाउस)

Freedom House

फ्रिडम हाउसले सन्त्रास वा आक्रमण बेहोरिराखेका मानवअधिकार रक्षकहरू र नागरिक समाज सङ्गठनहरूलाई आपत्कालीन वित्तीय सहायता उपलब्ध गराउँछ नागरिक समाज सङ्गठनहरूलाई द्रूत प्रतिक्रिया वकालत र प्रतिरोधात्मक क्षमता अभिवृद्धि अनुदान पनि चाहिन सक्छ ।

तेस्रो लिङ्गी (एलजीबीटीआईक्यू)का अधिकारका लागि गरिएका कामका कारण सन्त्रास वा आक्रमण सामना गरिरहेका मानवअधिकार रक्षक र नागरिक समाज सङ्गठनलाई अतिरिक्त सुरक्षा सहायतासाथ समान उपायहरू पनि उपलब्ध गराइन्छन् ।

थप जानकारी यहाँ उपलब्ध छः
https://freedomhouse.org/program/emergency-assistance-programs

## मानवअधिकार रक्षकका लागि अन्य संरक्षण उपायहरूको निर्देशिका (डाइरेक्टरी)

मानवअधिकार रक्षकका लागि आपत्कालीन कोष, कार्यवृत्ति छात्रवृत्तिवृत्ति (फेलोसिप) र प्रशिक्षणका अवसरहरू थुप्रै छन् । खासगरी मानवअधिकार रक्षकले आफ्नो सीप र सञ्जाललाई बढाउँदै आराम गर्न र थकाइ मार्नका लागि विदेशमा अल्पकालीन स्थानान्तरण (रिलोकेट) हुनका लागि कार्यवृत्तिका लागि आवेदन गर्न सक्छन् ।

यस किसिमका अवसरहरूमा सेन्टर फर एप्लाइड ह्युमन राइट्स (योर्क विश्वविद्यालय) को संरक्षणकारी कार्यवृत्ति योजना र डच गैसस जस्टिस एन्ड पिसको आश्रय सहर पहल (सेल्टर सिटी इनिसिएटिभ) पर्छन् ।

अरू जानकारी यहाँ उपलब्ध छः
https://srdefenders.org/resources/grants-financial-resources/

# मानवअधिकार रक्षकको सुरक्षाका लागि स्रोत र साधनहरू

## आङ्किक सुरक्षा सहायसञ्चार सेवा (डिजिटल सेक्युरिटी हेल्पलाइन)

DIGITAL SECURITY HELPLINE
accessnow

एक्सेस नाउले विशेषतः जोखिमको स्थितिका व्यक्तिविशेष र संघसंस्थाहरूको आङ्किक सुरक्षालाई सुधार गर्नका लागि डिजिटल सुरक्षाको ढाँचा तयार गरेको छ ।

आङ्किक सुरक्षा सेवा अहोरात्र (सातै दिन चौबीसै घण्टा) सुरक्षित तवरले उपलब्ध हुन्छ । यसमा आङ्किक आक्रमणका मामिलामा द्रूत प्रतिक्रिया सहारा आपत्कालीन सहायता, सिफारिसहरू, जोखिम लेखाजोखा र शैक्षिक सामग्रीहरू पर्छन् ।

एक्सेस नाउँको सम्पर्क वेबसाइट होः https://www.accessnow.org/help/

## सेक्युरिटी प्लानर सिफारिसहरु

आङ्गिक सुरक्षाका सवाल वा सरोकारबारे केही अनलाइन प्रश्नहरूको उत्तर दिएपछि सेक्युरिटी प्लानरले तपाईँको अनलाइन सुरक्षाका लागि चाल्नुपर्ने चरणका लागि अनुकूल सिफारिसहरू उपलब्ध गराउँछ ।

यसका लागि सेक्युरिटी प्लानरको वेबसाइट मा जानुहोस : https://securityplanner.consumerreports.org/

## रेड प्यानिक बटन एप

जोखिमको अवस्थामा तपाईँको शारीरिक र भौतिक सुरक्षा गर्नका लागि रेड प्यानिक बटन एप तपाईँको मोबाइल फोनमा राख्नु (इन्सटल गर्नु) उपयोगी हुन सक्छ । त्यसलाई क्रियाशील गराइएपछि रेड प्यानिक बटनले तपाईँको भूमण्डलीय स्थिति प्रणाली निर्देशकहरू (जीपीएस कोअर्डिनेट्स) साथ लघु सन्देश (एसएमएस) र इमेल चुनिएका आपतकालीन सम्पर्कहरूमा स्वचालित रूपमा पठाउँछ ।

रेड प्यानिक बटन एप डाउनलोड गर्न र थप जानकारीका लागि कृपया यहाँ सम्पर्क गर्नुहोस्: http://redpanicbutton.com/

## सिभिकस विरोध प्रतिरोधात्मक सन्दर्भ सामग्री सिभिकस प्रोटेस्ट रिसिलेन्स टुलकिट)

CIVICUS

सिभिकसद्वारा उपलब्ध गराइएको यो अनलाइन सामग्रीमा शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकारको पूरा र सुरक्षित प्रचलनलाई सघाउन असल अभ्यासहरू र अन्य उपयोगी सामग्रीहरू उपलब्ध छन् ।

सिभिकस सन्दर्भ सामग्रीहरूका लागि यहाँ हेर्नुहोस: https://civicus.org/protest-resilience-toolkit/

## समग्र सुरक्षा मार्गनिर्देशिका (होलिस्टिक सेक्युरिटी म्यानुअल)

TACTICAL TECHNOLOGY COLLECTIVE

ट्याक्टिकल टेकले मानवअधिकार रक्षकहरू कल्याण हेतु रणनीतिक मार्गनिर्देशिकाको रूपमा समग्र सुरक्षा विकास गरेको छ । यसले

अवलम्बन गरेका पद्धतिले स्व:स्याहार, भलाइ, आङ्गिक सुरक्षा, र सुरक्षा व्यवस्थापन अभ्यासहरूलाई एकीकृत गर्छ ।

समग्र मार्गनिर्देशिका यहाँ उपलब्ध छः https://holistic-security.tacticaltech.org/index.html

## फोरम एसिया मानवअधिकार रक्षक पोर्टल

मानवअधिकार रक्षकको संरक्षणका लागि युरोपेली महासङ्घीय र राष्ट्रिय मार्गदर्शनलगायत मानवअधिकार रक्षकसम्बन्धी प्रमुख मापदण्डहरू साथसाथै अन्य उपयोगी स्रोतसामग्रीहरू फोरम एसियाले हालसालै यसको मानवअधिकार रक्षक सहित पोर्टल राखेर नवीकरण गरेको छ ।

यस पोर्टलमा एसियामा मानवअधिकार रक्षकविरूद्ध गरिएका मानवअधिकार उल्लङ्घनका घटनाको अभिलेखीकरणका साथसाथै आगन्तुक (भिजिटर) हरूलाई मानवअधिकार रक्षकविरूद्धका उल्लङ्घनको उजुरी दिन निवेदन पेश गर्ने व्यवस्था सहित अनुमति प्रदान गरिएको छ ।

कृपया फोरम एसियाको मानवअधिकार रक्षक पोर्टल यहाँ हेर्नुहोलाः https://asianhrds.forum-asia.org/

## उपयोगी लिङ्क र सुझावहरू

मानवअधिकार रक्षकका रूपमा कामकाज गर्दा सुरक्षा र सुस्वास्थ्य एकदमै महत्त्वपूर्ण परिप्रेक्ष्य हो । अधिकांश मानवअधिकार रक्षकहरू सुरक्षाका अभ्यासमा जानकार भएता पनि प्रायः यो पक्ष नजरअन्दाज हुने गर्छ । तपाईंले दैनिक हिसाबले अवलम्बन गर्न सक्ने सुरक्षा अभ्यासका केही उदाहरणहरू तल दिइएका छन्ः

### भौतिक सुरक्षाका लागि

- तपाईंका वरपर के हुँदैछ भन्नेबारेमा सतर्क रहनुहोस् । तपाईं रहेको ठाउँको नजिकका अस्पताल र प्रहरी कार्यालयजस्ता महत्त्वपूर्ण स्थानबारे जानकारी राख्नुहोस् । सार्वजनिक ठाउँ भर्खरै भेटिएका अपरिचित मानिसलाई पूरै विश्वास नगर्नुहोस् ।

- साँच्चै आवश्यक भएमा बाहेक संवेदनशील सूचना रहेका कागजातका भौतिक प्रतिहरू सँगै बोक्ने नगर्नुस् ।
- ताला, सीसीटीभी, सुरक्षा गार्डजस्ता आवश्यक सुरक्षा उपकरण आफूले प्रयोग गर्नुस् र कार्यालयमा जडान गर्नुहोस् ।
- तपाईंको कार्यालय, बैठक र क्रियाकलापमा भेटघाट हुने आगन्तुकहरूबारे जानकारी लिनुहोस् । सबै आगन्तुकहरूको अभिलेखपुस्तिका राख्नुहोस् ।
- सार्वजनिक ठाउँमा मात्र भेटघाट गर्नुहोस् ।
- तपाईंको मोबाइलमा आपत्कालीन सम्पर्क नम्बर राख्नुहोस् र त्यसलाई सजिलै भेटिने गरी राख्नुहोस् र सम्भव भएसम्म त्यस्तो नम्बर याद राख्नुहोस् ।
- कुनै पनि कार्य सञ्चालन गर्दा वा यात्रा गर्दा सधैं सम्भाव्य जोखिमको मापन गर्नका लागि जोखिम मुल्याङ्कन लेखाजोखा गर्ने गर्नुहोस् । यसले तपाईंलाई आपत्कालीन अवस्था वा घटनामा प्रतिकार गर्न मद्दत पुऱ्याउँछ ।

## डिजिटल सुरक्षाका लागि

- तपाईंका सबै आङ्किक सूचना र अनलाइन खाकाका लागि पासवर्ड प्रमुख हो । बलियो पासवर्ड राख्नुहोस् र विभिन्न वेबसाइट र प्लेटफर्म भएका तपाईंका यावत् एकाउन्टका लागि उही पासवर्ड नराख्नुहोस् । बलियो पासवर्ड साना ठुला अक्षर, संख्या र संकेत सहित कम्तीमा १५ क्यारेक्टरको हुन्छ ।
- तपाईंको पासवर्ड सजिलो गरी व्यवस्थापन गर्न पासवर्ड व्यवस्थापन साधनको प्रयोग गर्नुहोस् । उदाहरणका लागि KeePass (https://keepass.info/) राम्रो साधन हो र त्यसलाई तपाईंले प्रयोग गर्न सक्नुहुन्छ ।
- सुरक्षित सञ्चार माध्यम (च्यानेल) (इन्ड टु इन्ड इन्क्रिप्सन) प्रयोग गर्नुहोस् । मानवअधिकार रक्षकका लागि सिफारिस गरिएका केही सञ्चार साधन कम्प्युटर डेस्कटप र मोबाइल (एन्ड्रोइड र एप्पल) मा उपलब्ध छन् ।

इमेल:

**Protonmail** (https://protonmail .com/),

**Tutanota** (https://tutanota .com/),

सन्देश सम्प्रेषण

**Signal** (https://signal .org/),

**Wire** (https://wire .com/en/) .

- सम्भव भए सधैँ भर्चुअल प्राइभेट नेटवर्क (भीपीएन) को प्रयोग गर्नुहोस् । वा संवेदनशील सूचना लिँदै हुनुहुन्छ भने भीपीएन प्रयोग गर्नोस् । सिफारिस गरिएका केही नि:शुल्क भीपीएन प्रदायकहरू निम्न छन्:

  **WindScribe**
  (https://windscribe .com/),
  **RiseUp VPN**
  (https://riseup .net/en/vpn),
  **Tunnel Bear**
  (https://www .tunnelbear .com/) .

- तपाईँका उपकरण (डिभाइस) मा भण्डारण भएका सूचना वा तथ्याङ्कलाई वर्गीकृत गर्नोस् र संवेदनशीलताको तह निर्धारण गर्नुहोस् ।

- तपाईँका सूचना वा तथ्याङ्कको आवधिक रूपमा ब्याकअप राख्नुहोस् । संवेदनशील सूचनाको कुरा आउनेबित्तिकै तपाईँका सूचना वा तथ्याङ्क (डेटा) लाई गुप्तकरण (इन्क्रिप्ट) गर्नुहोस् र बलियो पासवर्ड राख्नुहोस् ।

- सिफारिस गरिएको डेटा गुप्तकरण एप (अफलाइन)

  **VeraCrypt** (https://www .veracrypt .fr/en/Begi nner%27s%20Tutorial .html) .

- तपाईँका अनलाइन सम्मेलन वा समूहवार्ता (कन्फरेन्स र ग्रुप कल) का लागि सुरक्षित प्लेटफर्म प्रयोग गर्नुहोस् ।

  **Jitsi**
  (https://meet .jit .si/),
  **BlueJeans**
  (https://www .bluejeans .com/) .

आफ्ना कामका कारण भोग्ने हैरानीले प्राय गरी मानवअधिकार रक्षकहरू विभिन्न थरीका तनावमा रहन्छन् । सुनेका भोगाइ, नियमित रूपमा देख्ने उल्लंघनका घटना तथा आफूले सहयोग गरेका अधिकारीहरूसँगका अन्तक्रियामार्फत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानवअधिकार रक्षकहरूलाई तनाव तथा आघातले असर गर्ने प्रबल सम्भावना रहन्छ । त्यसैले तपाईले स्वहेरचाहका निम्न गतिविधि अवलम्बन गरेर आफ्नो मानसिक, भावनात्मक तथा शारिरीक स्वास्थ्यको ख्याल गर्न सक्नुहुन्छ ।

## मनोसामाजिक सुस्वास्थ्यका लागि

- काम तथा व्यक्तिगत जीवनबीच सन्तुलन कायम गर्नुहोस् र कामबाहेकका गतिविधिलाई पनि समय दिनुहोस् ।
- सन्तुलित भोजन खाने बानी बनाउनुहोस् ।
- पर्याप्त मात्रामा सुत्ने तथा व्यायाम गर्नुहोस् ।
- नियमित रूपमा आफ्नो ख्याल गर्नुहोस्: आफूलाई

कस्तो महसुस भइरहेको छ ? र किन यस्तो महसुस भैरहेको छ भनेर आफैलाई सोध्नुहोस् ।

- आत्म करूणा राख्ने तथा कृतज्ञ हुने अभ्यास गर्नुहोस् ।
- भ्रमणमा जानुहोस् र फुर्सद निकाल्ने गर्नुहोस् । सामाजिक लाञ्छनाले गर्दा पुरूषहरूले स्वहेरचाहको ख्याल नगर्ने हुनसक्छन् र यो विशेषगरी उनीहरूका लागि उपयोगी हुनसक्छ । फलस्वरूप उनीहरू स्वहेरचाहका यस्ता गतिविधिमा संलग्न हुन बढी सहज महसुस गर्ने हुनसक्छन् ।
- तनाव उत्पन्न गराउने तत्वहरूलाई हटाउनुहोस् र आफ्नो सीमा निर्धारण गर्नुहोस् ।
- आफ्ना साथी, परिवार, समुदाय, र सहमीहरूसँग नियमित कुरा गर्नुहोस् आवश्यक परेको अवस्थामा सहयोग माग्ने गर्नुहोस् ।
- मनोविद् लगायत विशेषज्ञको मद्दत लिनुहोस् । सामाजिक लाञ्छनाका कारण धेरैजना यस्तो सेवा लिने हिच्किचाउँछन् । तथापि आवश्यक परेको बेला हामीले विशेषज्ञको सहयोग लिन जरूरी छ ।

**मानवअधिकार रक्षकहरूका लागि मनोसामाजिक सुस्वास्थ्य**

https://forum-asia.org/?p=32584

मानसिक स्वास्थ्य तथा सुस्वास्थ्यबारे स्रोत सामग्री

https://www.hhri.org/thematic-page-post/hr-defenders-subheading/mental-health-related-issues/

## फोरम-एसियाको बारेमा

मानवअधिकार तथा विकासका लागि एसियाली मञ्च (फोरम-एसिया) एसियाका २३ मुलुकका ८५ सदस्य संगठन रहेको सञ्जाल हो ।

सन् १९९१ मा गठन भइ फोरम एसियाले शोध, पैरवी, क्षमता अभिवृद्धि विकास र ऐक्यबद्धतामार्फत  मानवअधिकार र दिगो विकासका लागि एसिया र बाहिरका विभिन्न आन्दोलन र पहललाई सुदृढ गर्ने काम गर्दै आएको छ ।

सङ्घसंस्था र मानवअधिकार रक्षकहरूको सहकार्य र सहयोगमा विकासको अधिकारलगायतका सबैका लागि सबै अधिकारको प्रवर्द्धन तथा संरक्षणका काम गर्दछ ।

फोरम-एसियाले संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषदमा परामर्शदातृ हैसियत (कन्सल्टेटिभ स्टाटस्) राख्छ साथै आसियान अन्तरसरकारी मानवअधिकार आयोग (एआईसीएचआर) सँग पनि यसको परामर्शदायी सम्बन्ध छ ।

फोरम एसियाको सचिवालयमा बैंककमा अवस्थित छ भने जेनेभा, जाकर्ता, तथा काठमाडौंमा कार्यालय स्थापना गरेको छ ।

## ओरेकको बारेमा

महिला पुनस्थापना केन्द्र (ओरेक) मानवअधिकार संरक्षण र संवर्धनमा कार्यरत एक नेपाली गैरसरकारी संस्था हो । सन् १९९१ मा स्थापित ओरेकले महिलाविरूद्ध हिंसा, त्यसका कारण र परिणामहरूको रोकथाम गर्ने कार्य गर्दै आएको छ । यसका साथै महिला तथा अन्य सिमान्तकृत समूहको अधिकार तथा सामाजिक न्यायमा पहुँच प्रवर्धन गर्दै उनीहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सुनिश्चितताका लागि निरन्तर कार्यरत छ ।

Sweden
Sverige

विकास सहकार्यका लागि स्वीडेनको सरकारी निकाय (सिडा) को सौजन्य सहयोगमा यो प्रकाशन सम्भव भएको हो । यसमा रहेका विषयवस्तु विशुद्ध फोरम-एसियाका अभिभारा हुन् र यसलाई कुनैपनि हिसाबले दाताहरूको दृष्टिकोण प्रतिविम्बन गर्ने रूपमा लिन मिल्दैन ।